# ललितपुर जिल्ला अदालत

(तहसिल शाखा)

फोनः- अफिस ५५४४२२६, श्रेस्तेदार ५५५१३२३, तहसिल ५५५०३८८, फ्याक्स ५५५०३८७

लगनखेल ललितपुर

Email:- ldc.tahashil@dcourt.gov.np


प.सं. ०८२/८३

चलानी नं.३१४४

विगो नं. १९५

मिति : २०८२।१२।३०

**बिषय : म्याद तामेल गरी पठाई दिने सम्वन्धमा।**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
श्री कंपनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं।
यल हाउजिङ प्रा.लि. थसिखेल-१४ ललितपुर ।

कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं: ४४८९
मितिः २०८३-०१-०३

उपरोक्त सम्वन्धमा वादी शान्तिराज शाक्य र प्रतिवादी राज कुमार श्रेष्ठ भएको लेनदेन मुद्दामा मिति २०८३।०२।०७ गते तोकिएको लिलामको सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।डाँक लिलाम मिति भन्दा १५ दिन अगावै उक्त डाँक लिलाम सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को भर्पाइ यस अदालतमा पठाइ दिनु हुन अनुरोध छ।

हरि बहादुर खत्री
तहसिलदार




Scanned with CamScanner

लेनदेन बिगो नं. १९५
तहसिल शाखा

वादी मो.नं- ९८४१३११११२९ /९८६०९८०७४५

# श्री ललितपुर जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त पहिलो पटक जारी भएको डाँक लिलामी सुचना ।

उप्रान्त वादी वुद्धिराज शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१२ हाल वस्ने वर्ष ६२ को शान्तिराज शाक्य र प्रतिवादी मानकाजी श्रेष्ठको छोरा जिल्ला रौतहट डुमरिया गा.वि.स. वडा नं. ७ घर भइ हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ वस्ने राज कुमार श्रेष्ठ भएको मुद्दा नं. (०७८-CP-०७४८ को लेनदेन मुद्दामा यस ललितपुर जिल्ला अदालतको मिति २०८०।०१।१३ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.१७,००,०००।–(सत्र लाख) सोको व्याज र अदालती शुल्क समेत भराई पाउँने ठहरेको र प्रतिवादीले उक्त लेनदेनको विगो रकम वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्नसमेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरीपाउने ठहरेको विगो वापतको रकम तपसिल वमोजिमको सम्पत्तिबाट भराई पाउँ भनि वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०८३।०२।०७ गते यस अदालतमा पहिलो डाँक लिलाम हुने भएकोले डाँकबढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८३।०२।०७गते दिनको १० बजेदेखि ५ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँकलिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ।
२. डाँकलिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँकलिलाम हुने छ।
३. कायम भएको न्युनतम पञ्चकिर्ति मुल्यबाट डाँकबढाबढ गर्नुपर्ने छ।
४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम डाँकलिलाम भएका मितिबाट ७ दिनभित्रमा दाखिल गर्नुपर्ने छ । त्यसरी ७ दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशित गरिने छ ।
५. डाँक लिलाम बढावढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईने छ ।
६. डाक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला
७. लिलाम सुचना टाँस हुने स्थानहरुः- प्रतिवादीका नाँउमा एक प्रति , जग्गा रहेको स्थानमा १ प्रति, जग्गा भएको न.पा.को वडा कार्यालयमा १ प्रति, अदालत भवन रहेको ललितपुर महानगरपालिका वडा नं.१५ को वडा कार्यालयमा १ प्रति, बढी जनसम्पर्क हुने मालपोत कार्यालय ललितपुरमा १ प्रति र ललितपुर जिल्ला अदालत भवनको सुचना पाटीमा १ प्रति समेत ।

डाँकलिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | शेयर धनीको नाम | शेयर संख्या | | | चुक्त रकम | शेयर भएको कम्पनी |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा | | |
| १ | राज कुमार श्रेष्ठ | २५०००१ | २६०२०० | १०,२०० | रु. सत्र लाख सो को व्याज र अदालती शुल्क | यस हाउजिङ प्रा.लि. |

ईति संम्वत २०८२ साल चैत्र महिना ३० गते रोज २ शुभम ..............................................।

Scanned with CamScanner